# शिवराज राजपत्र

## शिवराज नगरपालिकाद्वारा प्रकाशित

खण्डः ५ संख्याः ३ मितिः २०७८।०१।०५


## भाग-२

**शिवराज नगरकार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।**

# स्थानीय लैङ्गिक हिंसा निवारण कोष सञ्चालन कार्यविधि, २०७८

**स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी शिवराज नगरकार्यपालिकाले स्थानीय लैङ्गिक हिंसा निवारण कोष सञ्चालन कार्यविधि, २०७८ जारी गरेको छ ।**

**प्रस्तावना**

शिवराज नगरपालिका भित्रका लैङ्गिक हिंसामा परेका उच्च जोखिम अवस्थाका महिलाहरु एवं जोखिम तत्काल संरक्षण, उद्धार, राहत र पारिवारिक पुर्नस्थापना गर्न तथा महिलाहरुको हक हितको संरक्षण र सम्वर्द्धन गर्नका लागि स्थानीय स्तरमा आर्थिक स्रोत सङ्कलन गरी परिचालन गर्न "लैङ्गिक हिंसा निवारण कोष (सञ्चालन) (द्रोस्रो संशोधन) नियमावली, २०७७" को दफा ३ख र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी नगरपालिकाले यो **स्थानीय लैङ्गिक हिंसा निवारण कोष सञ्चालन कार्यविधि, २०७७** तयार गरेको छ ।

## १. संक्षिप्त नाम र प्रारम्भ

क) यो कार्यविधिको नाम स्थानीय लैङ्गिक हिंसा निवारण कोष सञ्चालन कार्यविधि, २०७७ रहेको छ ।

ख) यो कार्यविधि नगर कार्यपालिकाको बैठकले स्वीकृत गरेको मिति देखि तुरुन्त लागू हुने छ ।

## २. विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क) कोष भन्नाले यस कार्यविधि नं ४ बुँदामा उल्लेख गरे बमोजिम स्थापना गरिएको नगर स्तरीय स्थानीय लैङ्गिक हिंसा निवारण कोषलाई सम्झनु पर्दछ,

ख) "नगरपालिका" भन्नाले शिवराज नगरपालिकाको कार्यालयलाई सम्झनु पर्दछ,

ग) "वडा कार्यालय" भन्नाले शिवराज नगरपालिका वडा कार्यालयहरुलाई सम्झनु पर्दछ,

घ) "न्यायिक समिति" भन्नाले शिवराज नगरपालिका भित्र गठित न्यायिक समितिलाई बुझ्नु पर्दछ,

ङ) "आपतकालिन एवं जोखिम अवस्थाका व्यक्ति" भन्नाले स्थानीय लैङ्गिक हिंसा निवारण कोष सञ्चालन कार्यविधिको ११ नं. बुँदामा उल्लेखित महिला, किशोरी तथा बालबालिका सम्झनु पर्दछ,

च) "सञ्चालक" समिति भन्नाले कार्यविधिको ५ नं. बुँदामा उल्लेख गरे बमोजीम गठन भएको समितिलाई सम्झनु पर्दछ ।

## ३. कोषको उद्देश्य

क) जोखिम अवस्थामा रहेका महिला, किशोरी तथा बालबालिका तत्काल उद्धार गर्ने,

ख) विभिन्न कारणबाट जोखिम अवस्थामा रहेका पीडित महिला, किशोरी तथा बालबालिकालाई राहत उपलब्ध गराउने,

ग) आवश्यक कानूनी साहायता, मनोवैज्ञानिक उपचार मनोसामाजिक परामर्श तथा स्वास्थ्य उपचारमा सहयोग गर्ने,

घ) पारिवारिक मिलन गराउने ।

**४. कोषको स्थापना**

क) शिवराज नगरपालिकाको कार्यपालिका बैठकबाट स्वीकृत भई जोखिम वा आपतकालिन अवस्थामा रहेका नगर भित्रका आपतकालिन अवस्थाका महिला, किशोरी तथा बालबालिका संरक्षण गर्न स्थानीय लैङ्गिक हिंसा निवारण कोष सञ्चालन स्थापना गरिनेछ ।

ख) स्थानीय लैङ्गिक हिंसा निवारण कोष सञ्चालनमा देहाय बमोजिमको रकम जम्मा हुनेछ ।

१. संघिय तथा प्रदेश सरकारबाट प्राप्त हुने रकम,

२. शिवराज नगरपालिकाबाट यस कोषमा छुट्याई जम्मा गर्न पठाएको रकम,

३. विभिन्न संघ संस्था वा व्यक्तिबाट सहयोग स्वरुप प्राप्त हुने रकम ।

४. कोषलाई अन्य स्रोतबाट प्राप्त हुने रकम आदि ।

**५. सञ्चालक समितिको गठन**

कोषको व्यवस्थापन सञ्चालन एवं स्रोतको खोजी गर्न देहाय बमोजिमाको नगर सञ्चालक समिति रहने छ ।

क) नगर सञ्चालक समिति :-

१. नगर उप प्रमुख - अध्यक्ष

२. प्रमुख प्रशासकीय अधिकृत - सदस्य

३. स्वास्थ्य शाखा प्रमुख - सदस्य

४. नगर स्तरीय महिला प्रहरी - सदस्य

५. महिला अधिकारको क्षेत्रमा कार्यरत महिला अभियनता एक जना प्रतिनिधि - सदस्य

६. महिला तथा बालबालिका शाखा प्रमुख - सदस्य सचिव

**६. सञ्चालक समितिको काम, कर्तव्य र अधिकार**

क) जोखिम अवस्थामा रहेको उद्धार गर्ने, स्वास्थ्योपचार गर्ने, पुनर्स्थापना गर्ने, त्यस्ता पीडित महिला, किशोरी तथा बालबालिकालाई राहत तथा अन्य सहयोग गर्ने सम्बन्धमा आवश्यक कार्यक्रम तर्जुमा गर्ने,

ख) कुनै पीडित महिला, किशोरी तथा बालबालिका उच्च जोखिम अवस्थामा भए वा नभएको निर्धारण गर्ने,

ग) सहयोगको आवश्यकता र उपलब्ध स्रोतको आधारमा पीडितलाई कानूनी साहायता, मनोवैज्ञानिक उपचार तथा मनोविमर्श, स्वास्थ्य उपचार वा नगद सहयोग गर्ने र सो को विवरण अद्यावधिक गर्ने,

घ) प्रत्येक ६ महिनामा कार्य प्रगति विवरण नगरपालिकामा पेश गर्ने,

ङ) न्यायिक समितिसँग मिलेर जोखिम अवस्थामा रहेका हिंसा पीडित महिला, किशोरी तथा बालबालिका तथ्याङ्क सङ्कलन गर्ने/गराउने,

च) स्थानीय लैङ्गिक हिंसा निवारण कोष बृद्धिको लागि आवश्यक नीति र रचनात्मक क्रियाकलाप सञ्चालन गर्ने,

छ) कोषको आय-व्ययको विवरण अद्यावधिक गरी नगरपालिका र न्यायिक समितिमा पेश गर्ने,

ज) कोषको बृद्धिमा सहयोग गर्ने संघ-संस्था वा व्यक्तिको विवरण अद्यावधिक गर्ने ।

**७) रकम उपलब्ध गराउन सक्ने**

(१) लैङ्गिक हिंसा र यौनजन्य दुर्व्यवहारबाट पीडितलाई तत्काल उद्धार, औषधी उपचार, पुर्नस्थापना, राहत तथा आर्थिक सहयोग गर्नु पर्ने देखिएमा "लैङ्गिक हिंसा निवारण कोष (सञ्चालन) (द्रोस्रो संशोधन) नियमावली, २०७७" को दफा ३ख २ बमोजिम रु ५,०००।- सम्म पछि अनुमोदन गर्ने गरी अध्यक्षवाट, रु १५,०००।- सम्म समितिवाट र सो भन्दा माथि कार्यपालिकाबाट निर्णय बमोजिम रकम पीडित व्यक्ति वा निजको संरक्षकलाई उपलव्ध गराउन सकिनेछ,

(२) उपदफा १ बमोजिम लैङ्गिक हिंसा पीडितलाई उपलब्ध गराएको रकम सञ्चालक समितिको बैठकबाट सो विषयको अनुमोदन गराउनु पर्नेछ ।

तर आवश्यक सहयोगको लागि अन्य निकायमा सिफारिस भने गर्न सकिने छ ।

**८. सञ्चालक समितिले गर्न नहुने कामहरु**

क) कोषको रकम हिना मिना गर्ने वा कोषको उद्देश्य विपरित समितिको कुनै सदस्य वा अन्य कुनै व्यक्तिलाई लगानी गर्न,

ख) आपतकालिन अवस्थाका पीडित महिला, किशोरी तथा बालबालिकालाई तत्काल उद्धार तथा संरक्षण गर्ने कार्य बाहेक अन्य कार्यमा कोषको रकम खर्च गर्न,

ग) कोषको रकम प्रशासनिक कार्यमा खर्च गर्न ।

**९. सञ्चालक समितिको बैठक**

सञ्चालक समितिको बैठक देहाय बमेजिम बस्ने छ ।

क) सञ्चालक समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा आवश्यकता अनुसार हुने छ,

ख) बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्ने छ,

ग) सञ्चालक समितिले सहमतिका आधारमा निर्णय गर्ने छ,

घ) सञ्चालक समितिको निर्णय सदस्य सचिवले अधवधिक गर्ने छ,

ङ) सञ्चालक समितिको सम्पर्क स्थान शिवराज नगरपालिकाको महिला तथा बालबालिका शाखामा रहने छ ।

**१०. लैङ्गिक हिंसा पीडित अन्तर्गत देहायका महिला, किशोरी र बालबालिकाहरु पर्दछन्**

क) घरेलु हिंसामा परि शारीरिक, मानसिक तथा यौनजन्य यातनाबाट पीडित रहेका,

ख) दुर्घटनामा परेका वा प्राकृतिक प्रकोपबाट पीडित भएका,

ग) अपहरण वा शरिर बन्धक बनाई यौनजन्य हिंसाबाट पीडित भएका,

घ) सुस्त मनस्थित भई उच्च आर्थिक अवस्था कमजोर रहेका,

ङ) एच.आई.भि. संक्रमितबाट प्रभावित भएका,

च) विभिन्न हिंसात्मक घटनाबाट जोखिमयुक्त शारीरिक चोटपटक लागेका,

छ) यौन शोषण, यौन दुर्व्यवहार, बेचविखन तथा ओसारपसारबाट उच्च जोखिममा परी पीडित रहेका,

ज) विभिन्न कारणले आफन्तको संरक्षणबाट वञ्चित भई जीवनयापन असहज परिस्थितिमा परेका ।

**११. निवेदन दिन सक्ने**

यस कार्यविधिको ११ नं. बुँदामा उल्लेख गरिएको लैङ्गिक हिंसा पीडित महिला, किशोरी र बालबालिका उद्धार तथा राहतको लागि आफ्नो परिचय खुल्ने गरी शिवराज नगरपालिका वा सम्बन्धित वडाहरुमा बसोबास गर्ने जोसुकै सरोकारवाला व्यक्तिले शिवराज नगरपालिका नगर कार्यपालिका अन्तर्गत महिला, बालबालिका तथा जेष्ठ नागरिक शाखा वडा कार्यालयमा विस्तृत विवरण खुल्ने गरी निवेदन दिन सक्नेछ ।

**१२. खाताको सञ्चालन तथा लेखा परिक्षण**

(१) कोषको रकम समितिले कुनै वाणिज्य बैंकमा खाता खोली जम्मा गरिनेछ ।

(२) उपनियम १ बमोजिमको खाताको सञ्चालन नगरपालिका कार्यालयको प्रमुख प्रशासकीय अधिकृत र आर्थिक शाखा प्रमुख कर्मचारीको संयुक्त दस्तखतबाट हुनेछ । तथा कोषको लेखा परिक्षण महालेखा परिक्षकको विभागवाट हुनेछ ।

**१३. कोषको रकम फ्रिज नहुने**

प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएता पनि कोषको रकम खर्च नभए आर्थिक वर्षको अन्त्यमा बाँकी रहेमा त्यस्तो रकम फ्रिज हुने छैन ।

**१४. कार्यविधिको व्याख्या तथा संशोधन**

यस कार्य विधिमा भएका व्यवस्थाहरुमा कुनै विवाद आएमा कानुन बमोजिम अन्तिम निर्णय गरिनेछ । साथै संशोधन आवश्यक भएमा सञ्चालक समितिको राय लिई नगर कार्यपालिकाले कार्यविधि संशोधन गर्न सक्नेछ ।

**१५. कोष खारेज हुन सक्ने अवस्था**

कुनै कारण बस स्थानीय लैङ्गिक हिंसा निवारण कोष सञ्चालन गर्न आवश्यक नभएमा प्रयाप्त कारणहरु सहित नगर कार्यपालिकाले सञ्चालक समितिको राय लिई कार्यपालिका तथा न्यायिक समितिको संयुक्त निणर्यले खारेज गर्न सकिनेछ । र कोष खारेज भएमा कोषमा रहेको रकम नगरपालिकाको संचित कोष खातामा जम्मा हुनेछ ।

**आज्ञाले,**
**गणेश प्रसाद अर्याल**
**प्रमुख प्रशासकीय अधिकृत**